नेपाल सरकार
गृह मन्त्रालय

अध्यागमन विभाग

(प्रशासन शाखा)

फोन : ४४२९६५९, ४४२९६६०, ४४३३९३४, ४४३८८६२, ४४३८८६८
फ्याक्स : ४४३३९३५

कालिकास्थान, काठमाण्डौं
Website : www.immigration.gov.np
E-mail : info@immigration.gov.np
mail22doi@gmail.com

पत्र संख्या : २०८२/८३
चलानी नं.

नेपाल सरकार गृह मन्त्रालय अध्यागमन विभाग २०४६

मितिः २०८२/१२/२७
नेपाल सम्वत्: ११४६

श्रमिकहरूको प्रस्थान अनुमति सम्बन्धी सार्वजनिक सूचना।

वैदेशिक रोजगार विभागबाट मिति २०८२।१२।२३ मा जारी भएको सूचना तथा विभिन्न सञ्चार माध्यमहरूमा प्रकाशित समाचारका कारण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमन कार्यालयबाट प्रस्थान हुने नेपाली श्रमिकहरूले विल/रसिद लगायतका थप कागजात लिएर मात्र प्रस्थान गर्न मिल्ने सम्वन्धमा आम सर्वसाधारणमा उत्पन्न अन्यौलता प्रति यस विभागको ध्यानाकर्षण भएको छ।

नेपाल सरकार, गृह मन्त्रालयको मिति २०८२/०७/१३ को मन्त्रिस्तरीय निर्णय र प्रचलित अध्यागमन कानून अनुसार भिजिट भिसामा नेपालबाट प्रस्थान गर्ने नेपाली नागरिकहरूको सन्दर्भमा कम्तिमा ६ महिना वैध अवधि भएको राहदानी, गन्तव्य मुलुकसम्मको हवाईटिकट र सम्बन्धित मुलुकको भिसा भएमा स्वघोषणा सहित विदेश प्रस्थान सरलीकृत र व्यवस्थित गरिएको छ। यसैगरी वैदेशिक रोजगारीको सिलसिलामा प्रस्थान गर्ने नेपाली श्रमिकहरूको हकमा वैदेशिक रोजगार विभागबाट जारी भएको श्रम स्वीकृति र राहदानी लगायतका न्यूनतम् आधारभूत कागजात बाहेक नेपाली श्रमिकहरूले नेपाल बाहिर प्रस्थान गर्दा अध्यागमन कार्यालयमा थप कुनै पनि कागजात तथा विल/रसिद पेश गर्न नपर्ने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिन्छ।

यस सम्बन्धमा विदेश यात्रा गर्ने नेपाली नागरिकहरू कुनै पनि किसिमको भ्रममा नपरी आफ्नो गन्तव्य मुलुक र यात्राको बारेमा पूर्ण रूपमा सुसूचित भई निर्धक्क यात्रा गर्न अध्यागमन विभाग अनुरोध गर्दछ।

१२।२७

निर्देशक/प्रवक्ता